# बिष्णुपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बिष्णुपुर, सप्तरी
### मधेश प्रदेश, नेपाल

प.स.२०८०।०८१
च.न

मिति : २०८०।०४।०१

**सूचना ।** **सुचना ।।** **सूचना ।।।**

**विषय : सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ वमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ वमोजिम आर्थिक बर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालय मार्फत अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन अनुरोध गरिन्छ । तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वत:लाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुन सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ वमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

पुनश्च: परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीको बैंक खाता समेत अद्यावधिक गर्न गराउन अनुरोध गरिन्छ ।

**तपशिल :**

| क्र.सं. | कागजातहरु |
|---|---|
| १ | लाभग्राहीको परिचय पत्र |
| २ | लाभग्राहीको नागरिकताप्रमाण पत्रको प्रतिलिपी |
| ३ | फोटो २ प्रति |
| ४ | सम्पर्क नं. (अनिवार्य) |
| ५ | अपाङ्गताको हकमा : संरक्षकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी |
| ६ | बालबालिकाको हकमा : जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी र संरक्षकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि |
| ७ | विधवाको हकमा : पतिको मृत्यू दर्ताको प्रमाण-पत्रको प्रतिलिपि र नागरिकताको प्रमाण-प्रत्रको प्रतिलिपि |

नोट : १ उल्लेखित कागजातहरुको प्रतिलिपी निवेदन साथ संलग्न राखेर २०८० भाद्र मसान्त भित्र आ-आफ्नो वडा कार्यालयमा आँफु स्वयम् उपस्थित भई अनिवार्य रुपमा नाम नवीकरण गराई सक्नु पर्नेछ ।
२. तोकिएको समय भित्र नाम नवीकरण नगराइएको खण्डमा कार्यालय जवाफदेही हुने छैन ।

.....................
**(विरेन्द्र कुमार यादव)**
एम आइ एस अपरेटर

.....................
**(किशोर कुमार राम)**
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत